# भगवानपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिरहा
मधेश प्रदेश, नेपाल

प.सं.२०८२/०८३
च.नं.

**किसान सूचिकरण सहजकर्ता (गणक) करार सेवाको लागि दरखास्त आहान गरिएको सूचना।**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०९/०६ गते**

यस भगवानपुर गाउँपलिका गाउँ कार्यपालिकाको कार्यालय भगवानपुर सिरहाको आ.व. २०८२/०८३ स्वीकृत वार्षिक कार्यक्रम किसान सूचिकरण कार्यक्रम अनुसार **किसान सूचिकरण व्यवस्थापन तथा सञ्चालन निर्देशिका २०८१ तथा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ को दफा १४ को उपदफा १ कार्यान्वयनको** लागि किसान पहिचान गरी सकारी तवरबाट किसानहरूलाई उपलब्ध गराईने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न कृषि,पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम प्रयोजनार्थ किसानहरुको आवश्यक विवरणहरु विद्युतिय प्रणाली मार्फत संकलन गरी किसान सूचिकरण गर्ने कार्यक्रम रहेको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ। साथै **किसान सूचिकरण व्यवस्थापन तथा सञ्चालन निर्देशिका २०८१ को परिच्छेद ७ (विविध) को दफा १** रहेको व्यवस्था अन्तर्गत यस गाउँपालिकाका सबै वडाहरुमा सहजकर्ता (गणक) नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका भगवानपुर गाउँपलिका भित्रका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**१.आवश्यक पदः**

| क्र.स. | पद | माग संख्या | कैफियत |
|---|---|---|---|
| १. | किसान सूचिकरण सहजकर्ता (गणक) | ५ (पाँच) जना | |

**२. आवश्यक शैक्षिक योग्यताः**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरी कम्प्युटर सम्बन्धी आधारभुत तालिम लिएको हुनु पर्नेछ।
- इन्टरनेट चलाउन सक्ने।
- एन्ड्रोइड फोन, स्मार्ट फोन,ट्यावलेट वा ल्यापटप अनिवार्य भएको हुनु पर्ने।
- कृषि तथा पशुसेवा विषय पढेकाहरुलाई पहिलो प्राथमिकता दिइने छ।

**३. दरखास्त साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरुः**

- गाउँपलिकाको कार्यालयबाट प्राप्त हुने निर्धारित ढाँचाको आवेदन फारम।
- हालसालै खिचेको पासपोर्ट साइज फोटो ३ प्रति।
- शैक्षिक योग्यताको प्रमाण पत्रको स्वयंले प्रमाणित गरेको प्रतिलिपि।
- नेपाली नागरिता प्रमाणपत्रको स्वयंले प्रमाणित गरेको प्रतिलिपि।
- तालिम अथवा अनुभवको प्रमाणित प्रतिलिपि।

**४. उमेरको हदः**

- पुरूषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० ननाघेको हुनुपर्ने।

**५. तलब सुविधा तथा अन्य सेवा सर्त**

- कृषक घरधुरी संख्या (किसान सूचिकरण कार्यमा संलग्न्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सिविधा सम्बन्धी खर्चको मापदण्ड (नर्म्स) २०८२) अनुसार हुने

**६. दरखास्त दस्तुरः** रु.५०० (पाँच सय मात्र)

**७. दरखास्त बुझाउने स्थानः** कृषि विकास शाखा भगवानपुर गाउँपालिका,कार्यालय समय भित्र।

**यस सम्बन्धी थप जानकारीको लागि कृषि विकास अधिकृत बलमिन्द्र कुमार यादव (९८०७७५९८९८) संग सम्पर्क गर्न सकिने छ।**

बलमिन्द्र कुमार यादव
कृषि अधिकृत छैठौं

प्रमोद कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner